शुद्धोधन गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः८ संख्या : ४ मितिः- २०८१/०९/२९ (अतिरितांक)

भाग — २

शुद्धोदन गाउँपालिका

मानपकड़ी, लुम्बिनी प्रदेश

## उत्कृष्ट कर्मचारी छनौट मापदण्ड, २०८१

सम्बत २०८१ को मापदण्ड नं. ४ गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०९/२९

**पृष्ठभूमिः**

शुद्धोदन गाउँपालिकाको नीति तथा कार्यक्रम बमोजिम आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कर्मचारी प्रोत्साहन तथा पुरस्कारका लागि उत्कृष्ट कर्मचारी छनौट गर्ने प्रयोजनार्थ आवश्यक प्रकृया र मापदण्ड अपनाउनु पर्ने भएकाले यो मापदण्ड तर्जुमा गरी कार्यपालिकाबाट पारित गरी लागू गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः यस मापदण्डको नाम "शुद्धोदन गाउँपालिका उत्कृष्ट कर्मचारी छनौट मापदण्ड, २०८१" रहेको छ ।

२. परिभाषाः विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा -

क. 'पालिका' भन्नाले शुद्धोदन गाउँपालिका, रुपन्देही लाई सम्झनु पर्छ ।

ख. 'शाखा' भन्नाले गाउँपालिका अन्तर्गतका सम्पूर्ण बिषयगत शाखालाई सम्झनु पर्छ ।

ग. 'वडा' भन्नाले पालिका अन्तर्गतका सम्पूर्ण वडा कार्यालयलाई सम्झनु पर्छ ।

घ. 'स्वास्थ्य संस्था' भन्नाले यस पालिका अन्तर्गतका सम्पूर्ण स्वास्थ संस्थालाई सम्झनु पर्छ ।

ङ. 'समिति' भन्नाले दफा ३ बमोजिम गठन भएको समितिलाई सम्झनु पर्छ ।

## परिच्छेद २

## उत्कृष्ट कर्मचारी छनौट सम्बन्धी ब्यवस्था

३. कर्मचारी छनौट समिति गठनः कर्मचारी छनौट समिति देहाय बमोजिम हुनेछः

क. प्रमुख प्रशासकीय अधिकृत (कार्यालय प्रमुख) - संयोजक

ख. पालिका अध्यक्षले तोकेको जनप्रतिनिधिहरूमध्येबाट एक जना - सदस्य

ग. प्र.प्र.अ. ले तोकेको पुर्व कर्मचारीहरूमध्येबाट अधिकृत स्तरको एक जना - सदस्य

४. उत्कृष्ट कर्मचारी छनौटका सुचकहरू देहाय बमोजिम हुनेछन्

४.१ अंक प्रदान गर्दा अतिउत्तम, उत्तम र मध्यम गरी ३ समूहमा विभाजन गरिनेछ र अधिकत्तम अंक दिदा अतिउत्तमलाई ९०%, उत्तमलाई ८०% र मध्यमलाई ७०% अंक प्रदान गरिनेछ।

४.२ मुल्याङ्कन गर्ने सुचकका अंक देहायअनुसार निर्धारण हुनेछः

| क्र. स. | | मापदण्डहरू (१०० अंकमा) |
|---|---|---|
| १ | नियमितता/अनुशासन/ईमान्दारिता/समयपालन (६० अंक) | |
| | क | अनुशासन/पोशाक/परिचय पत्र (२० अंक) |
| | ख | नैतिकता/ईमान्दारिता (२० अंक) |
| | ग | समय पालन/ नियमितता (२० अंक) |
| २ | कार्यसम्पादन/सेवा प्रवाह (४० अंक) | |
| | क | नीति नियमहरूको पालना (१० अंक) |
| | ख | समयमै सेवाप्रवाह (१० अंक) |
| | ग | सेवाग्राही प्रतिको व्यवहार (१० अंक) |
| | घ | कार्यक्रम खर्च प्रतिशत (१० अंक) |

४.३ वडा अन्तर्गतका कर्मचारीको वडा सचिवले, स्वास्थ्य संस्था अन्तरगतका कर्मचारीको स्वास्थ्य संस्था प्रमुखले र शाखा अन्तरगतका कर्मचारीको शाखा प्रमुखले सुपरीवेक्षण गरी मुल्याङ्कन फारम समिति समक्ष पेश गर्नुपर्दछ ।

४.४ वडा सचिव, स्वास्थ्य संस्था प्रमुख र शाखा प्रमुखहरूको सुपरिवेक्षण प्र.प्र.अ. बाट हुनेछ ।

४.५ सुपरिवेक्षण भएपछि सबै कर्मचारीहरूको मुल्याङ्कन पुनरावलोकन समितिले गर्नेछ ।

## परिच्छेद ३

## कर्मचारी छनौट सम्बन्धी प्रकृयाहरू

५.१ अधिकृतस्तर वा शाखा प्रमुखहरूका लागि सूचकहरू एउटै रहने गरी छुट्टै मूल्याङ्कन फारमको प्रयोग गरिनेछ ।

५.२ दफा ५.१ बाहेकका कर्मचारीका लागि सुपरिवेक्षण र पुनरावलोकनकर्ताको मूल्याङ्कन गर्ने स्थान राखी छुट्टै मुल्याङ्कन फारमको प्रयोग गरिनेछ ।

५.३ नमूना फारम देहाय अनुसार रहनेछ ।

शुद्धोदन गाउँपालिका

मानपकडी, रुपन्देही

उत्कृष्ट कर्मचारी छनोट फारम (शाखा प्रमुख तथा अधिकृत पदको लागि)

आ.व. २०८१/०८२

कर्मचारीको नाम थरः पदः

| क्र.स. | मापदण्डहरू | सुपरिवेक्षक तथा पुनरावलोकन कर्ताबाट मूल्याङ्कन | कैफियत |
|---|---|---|---|
| १ | **नियमितता/अनुशासन/ईमान्दारिता/समयपालन** | | |
| | क) अनुशासन/पोशाक/परिचय पत्र | | |
| | ख) नैतिकता/ईमान्दारिता | | |
| | ग) समय पालन/ नियमितता | | |
| २ | **कार्यसम्पादन/सेवा प्रवाह** | | |
| | क) नीति नियमहरूको पालना | | |
| | ख) समयमै सेवाप्रवाह | | |
| | ग) सेवाग्राहीप्रतिको व्यवहार | | |
| | घ) कार्यक्रम खर्च प्रतिशत | | |

नोटः मुल्याङ्कन गर्दा अतिउत्तम/उत्तम/मध्यम शब्दहरूमध्ये कुनै एक शब्दलाई मूल्याङ्कनको आधार बनाउनु पर्दछ ।

कर्मचारीको दस्तखतः

मितिः

सुपरिवेक्षक तथा पुनरावलोकन कर्ताको दस्तखतः

नामः

पदः

मितिः

# शुद्धोदन गाउँपालिका
## मानपकडी, रुपन्देही
## उत्कृष्ट कर्मचारी छनोट फारम (सहायक पदको लागि)
## आ.व. २०८१/०८२

कर्मचारीको नाम थरः पदः

| क्र.स. | मापदण्डहरू | सुपरिवेक्षक कर्ताबाट मूल्याङ्कन | पुनरावलोकन कर्ताबाट मूल्याङ्कन | कैफियत |
|---|---|---|---|---|
| १ | **नियमितता/अनुशासन/ईमान्दारिता/समयपालन** | | | |
| | क) अनुशासन/पोशाक/परिचय पत्र | | | |
| | ख) नैतिकता/ईमान्दारिता | | | |
| | ग) समय पालन/ नियमितता | | | |
| २ | **कार्यसम्पादन/सेवा प्रवाह** | | | |
| | क) नीति नियमहरूको पालना | | | |
| | ख) समयमै सेवाप्रवाह | | | |
| | ग) सेवाग्राहीप्रतिको व्यवहार | | | |
| | घ) कार्यक्रम खर्च प्रतिशत | | | |

नोटः मुल्याङ्कन गर्दा अतिउत्तम/उत्तम/मध्यम शब्दहरूमध्ये कुनै एक शब्दलाई मूल्याङ्कनको आधार बनाउनु पर्दछ।

कर्मचारीको
दस्तखतः
मितिः

सुपरिवेक्षकको
दस्तखतः
नामः
पदः
मितिः

पुनरावलोकन कर्ताको
दस्तखतः
नामः
पदः
मितिः

## परिच्छेद- ४
## विविध

६. मूल्याङ्कन गर्दा सेवा प्रवेश गरेका सबै तह (ज्यालादारी/करार/स्थायी) को कर्मचारीलाई समावेश गरिनेछ । तर सेवा प्रवेश गरेको कम्तिमा २ बर्ष पुरा भएको कर्मचारीलाई मात्र छनौटमा सहभागी गराइने छ ।

७. उत्कृष्ट कर्मचारी छनौट गर्दा सकेसम्म सबै तह, सेवा, समूह, क्षेत्र र वर्ग समुदायबाट प्रतिनिधित्व हुने गरी समितिले निर्धारण गरेको संख्यालाई सम्मान गरिनेछ ।

८. कर्मचारी छनौट गर्ने क्रममा समितिले बैठक लगायतका कार्यहरू गरेवापत गाउँपालिका र प्रचलित कानुन बमोजिम सेवा सुविधाहरू उपलब्ध गराइनेछ ।

९. सामान्यतया गाउँपालिकाको तर्फबाट एक आर्थिक वर्षमा एक पटक यस्तो कार्यक्रम गरिनेछ ।

१०. उत्कृष्ट भएका कर्मचारीहरूलाई सम्मान पत्र, दोसल्ला, उपहार र करकट्टी सहित रु. ७ हजार नगद पुरस्कार समेत प्रदान गरिनेछ ।

११. समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्न सक्नेछ ।

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः- २०८१/९/२९

आज्ञाले
विष्णु बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत